# ECHO OF HIS CALL

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE
REACHING NATIONS

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKODA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXIV | YEAR OF OUR LORD JESUS CHRIST, 2024 APRIL | No. 04


## पवित्र बाइबल

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

**परमप्रभुको प्रशंसा**

**भजनसंग्रह ३४:१-१०**

१. हरसमय म परमप्रभुको प्रशंसा गर्नेछु, उहाँको प्रशंसा निरन्तर मेरो मुखमा हुनेछ ।

२. मेरो प्राणले परमप्रभुमा गर्व गर्नेछ । कष्टमा परेकाहरू यो सुनेर खुसी होऊन् ।

३. मसँगसँगै परमप्रभुको महिमा गर र हामी एकसाथ उहाँको नाउँ उच्च पारौं ।

४. मैले परमप्रभुलाई खोजें र उहाँले मलाई जवाफ दिनुभयो, मलाई मेरा सबै डरहरूबाट छुटकारा दिनुभयो ।

५. उहाँलाई हेर्नेहरू उज्ज्वल हुन्छन् र तिनीहरूका शिर शर्मले कहिल्यै झुक्नेछैनन् ।

६. यस दु:खित मानिसले परमप्रभुलाई पुकार गऱ्यो अनि उहाँले सुन्नुभयो र त्यसलाई त्यसका सबै कष्टबाट बचाउनुभयो ।

७. परमेश्वरको भय मान्नेहरूका चारैतिर परमप्रभुका स्वर्गदूतले सुरक्षाको घेरा लाउँछन् र उहाँले तिनीहरूलाई छुटकारा दिनुहुन्छ ।

८. परमप्रभुलाई पारख गरेर हेर कि उहाँ कति भला हुनुहुन्छ । उहाँमा शरण लिने मानिस धन्यको हो ।

९. हे परमप्रभुका पवित्र जन हो, उहाँको भय मान । किनकि उहाँको भय मान्नेहरूलाई केही कुराको खाँचो पर्दैन ।

१०. जवान सिंहहरू कमजोर होलान् तर तिनीहरू भोकाउँछन् तर परमप्रभुको खोजी गर्नेहरूलाई कुनै उत्तम कुराको अभाव हुँदैन ।

## तपाईंलाई छुटकारा दिने मुक्तिदाता हुनुहुन्छ ! नडराउनुहोस् !

## THERE IS A SAVIOUR TO DELIVER YOU! DO NOT FEAR!!

**लेखक: बहिनी जेसी बिना साम**



हाम्रो मुक्तिदाता हाम्रो प्रभुले यी दिनहरूमा हामीलाई अगुवाइ गर्नुहुन्छ । बाइबलीय समयमा उही परमप्रभु परमेश्वरले मानिसहरूको पुकारा सुन्नुभयो, तिनीहरूका निवेदनहरू सुन्नुभयो, तिनीहरूलाई सबै प्रकारका खतराहरूदेखि बचाउनुभयो र तिनीहरूलाई उद्धार प्रदान गर्नुभयो । बाइबलमा उल्लेख गरिएका व्यक्तिहरूद्वारा उहाले कसरी केही मानिसहरूलाई बचाउनुभयो भनेर हामीले खोजी गरौं ।

### १) मोशा

मोशाले कसरी र कस्तो अवस्थाबाट इस्राएलका मानिसहरूलाई उद्धार गरे भनेर हामीले पहिले जाँच गरौं । प्रस्थानको पुस्तकको दोस्रो अध्यायले हामीलाई मोशाको जन्मको बारेमा बताउँछ । योसेफको कारण इस्राएलका मानिसहरूले सुरुमा मिश्र देशमा स्वतन्त्रताको आनन्द गरेका थिए । तापनि, सोही देशमा तिनीहरू पछि दास बने, तिनीहरूलाई नराम्रो व्यवहार गरियो र ठूलो शोकमा राखियो । तिनीहरूले आफ्नो गल्तीहरू महसुस गरे र परमप्रभुको पुकारा गरे ।

मिश्रमा इस्राएलका मानिसहरू ४०० वर्षसम्म दास बन्नेछन् भनेर परमप्रभुले पहिले नै अब्राहामलाई बताउनुभएको थियो (उत्पत्ति १५:१३) । उत्पत्ति १५:१६ मा यस्तो अगमवाणी गरिएको थियो, "तर चौथो

बाँकी पृष्ठ ३ मा


**बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल**



## यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।


**५ मिनेटको सन्देश**

**अंग्रेजी र हिन्दी, तामिल र तेलगू**

**हरेक दिन: बिहान २ बजे देखि**

**तामिल आइतवार सेवा: बिहान ८:३० बजे**

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



REACHING NATIONS

# तपाईंको प्रिय भाइबाट....



"... परमप्रभु नै तेरो साहस हुनुहुनेछ र उहाँले तेरो खुट्टालाई पासोमा पर्नदेखि जोगाउनुहुनेछ" (हितोपदेश ३:२६)।

**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।


**HON. EDITOR-IN-CHIEF**

Rev. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.

**HON. MANAGING EDITOR**

Pastor Alex Samson Sam, B.Th., M.Div.

**GENERAL MANAGER**

Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM., MBA.

**ADMINISTRATION**

Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)

**EDITORIAL BOARD**

Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Sis. L. Mariya Anjalin, M.A., M.Sc., B.Ed.
Rev. Dr. K.R. Rajasekaran



**EDITOR, PUBLISHER & PRINTER**

Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858 95661 31858

**E.MAIL**

sam@echoofhiscall.org
biblecor@yahoo.co.in

**WEBSITES**

www.echoofhiscall.org
www.stpaulsmatriculation.com

**YOUTUBE CHANNEL**

Echo of His Call


ख्रीष्टमा प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू,

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको महिमित नाउँमा तपाईंमा न्यानो अभिवादन !

१६ भाषामा **बोलावटको प्रतिध्वनि** समाचारपत्रको मासिक प्रकाशन, ४ भाषाहरूमा **Echo of His Call यूट्यूब** च्यानलहरू, ३ वटा भाषाहरूमा **बाइबलकोर- आधारभूत बाइबल पत्राचार कोर्सहरू,** २ वटा भाषाहरूमा **ईश्वरशास्त्रीय पत्राचार कोर्सहरू,** ३ भिन्दै स्थानहरूमा **नहेम्याह बाइबल कलेजहरू, सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल** (गाउँको अंग्रेजी हाई स्कुल), मुख्य मण्डली र शाखा मण्डलीहरू समेत समावेश गर्दै हाम्रो विविध सेवकाहरूका निम्ति हामीले जोशिलो पृष्ठपोषणहरू प्राप्त गरेका छौं । संसारमा सुसमाचार फैलाउन हामी सक्रिय रूपमा संलग्न भएका छौं । तपाईंको सहायता र दयालाई हामी इमानदारीपूर्वक आभार व्यक्त गर्दछौं र तपाईंको प्रतिक्रियाहरू व्यग्रताको साथमा पर्खन्छौं ।

हाम्रो **सेन्ट पावलस् मेट्रिकसलेसन स्कुलमा** भएको वार्षिकोत्सवको सफलताको बारेमा बताउन पाउँदा हामी अत्यन्तै खुसी छौं, जुन मार्च २, २०२४ मा भएको थियो । विद्यार्थीहरूले यस अवसरमा आफ्ना प्रतिभाहरू




*Annual Day of St. Paul's Matriculation School*

प्रदर्शन गरेका थिए र यसमा धेरै अभिभावकहरू, बालबालिकाहरू र वरिपरि क्षेत्रका बासिन्दाहरू पनि सहभागी हुनुभएको थियो । यो सम्मेलन र छुटकाराको बैठकजस्तो देखिएको थियो र तपाईंको निरन्तरको प्रार्थनाको निम्ति हामी कृतज्ञ छौं ।

हामीले **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको** प्राङ्गणमा मार्च ३, २०२४ मा विशेष बालबालिका र युवा र्‍याली आयोजना गरेका थियौं । करिब १०० जना सदस्यहरू कार्यक्रममा सहभागी भएका थिए, जसमा विशेष गीतहरू, गवाहीहरू र सन्देशहरू समावेश गरिएको थियो । मण्डलीको सेवापछि हामीले नियमित रूपमा हरेक आइतवार जवान बालबालिकाहरूसँग भेटिरहेका छौं । यी बालबालिकाहरू परमेश्वरको मार्गमा हुर्काइएका छन् । हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल** र हिन्दी र तामिल भाषाहरूमा **नहेम्याह बाइबल कलेजहरूका** निम्ति धेरै विद्यार्थीहरू, असल शिक्षकहरू र अगुवाहरूको आवश्यकता छ। यसका अतिरिक्त, १६ वटा भाषामा भएको मासिक समाचारपत्र **बोलावटको प्रतिध्वनिको** निम्ति हामीलाई धेरै पाठकहरूको आवश्यकता छ ।

**Our Ministries:** ECHO OF HIS CALL Monthly Magazines (16 languages) ◘ BIBLECOR - Postal Courses (3 languages) ◘ YouTube Ministry ◘ Online Courses ◘ Theological Correspondence Courses (2 languages) ◘ Church Planting ◘ Nehemiah Bible Colleges ◘ Gospel Printing Press ◘ Great Commission Partners ◘ St. Paul's Matriculation School ◘ Crusades ◘ Community Development



*Children and Youth Rally*



*Prayer for students appearing Public Examination*

तपाईंका मित्रहरू र आफन्तहरूका धेरै ठेगानाहरू हामीलाई कृपया उपलब्ध गराइदिनुहोस् ताकि हामीले निःशुल्क उहाँको भाषाहरूमा **बोलावटको प्रतिध्वनि** पठाउन सकौं । हामीलाई ऊर्दू भाषामा भएको **बोलावटको प्रतिध्वनिको** निम्ति अझ धेरै पाठकहरूको आवश्यकता छ । सानो वा ठूलो, कुनै पनि तरिकामा तपाईंको सहायता खुसीसाथ स्वीकार गरिनेछ र परमेश्वरले तपाईंलाई इनाम दिनुहुनेछ ।



*Nehemiah Bible College Board Meeting*

संसारका समस्त देशहरूमा शान्ति र समृद्धिको निम्ति हामीले निरन्तर प्रार्थना गरिरहेका छौं । विशेष गरी हामीले भारतको आत्मिक समृद्धिको निम्ति प्रार्थन गरिरहेका छौं । तपाई, तपाईंको परिवार र तपाईंको देशमाथि परमेश्वरको आशिष् वर्षिएको होस् भनेर हामी उहाँसँग बिन्ती गर्दछौं ।

हाम्रा **नहेम्याह बाइबल कलेजका** फ्याकल्टी सदस्यहरू हरेक महिना अध्यक्ष रेभ. एम.मुथु र हालै मात्र जोडिनुभएको सिनियर प्रधानाध्यापक रेभ. जे. जोन राजाराथामको नेतृत्वको अधीनमा विकास र दैनिक क्रियाकलापहरूका बारेमा छलफल गर्न बैठक बसिरहनुभएको छ ।

तपाईंका इमेलहरू, पत्रहरू, फोन कलहरू, आदि प्राप्त गर्दा हामी सधैं प्रभुमा आनन्दित हुन्छौं, जसले हामीलाई आत्मिक लडाइँमा अगाडि बढ्न शक्ति प्रदान गर्दछ । हाम्रा कार्यालयका कर्मचारी, मण्डलीका सदस्यहरू, सहसम्पादकहरू, पास्टरहरू, सुसमाचार प्रचारकहरू, हाम्रो बाल संगतिमा भएका विद्यार्थीहरू, गाउँको हाइ स्कुल र बाइबल कलेजहरू, छापाखानाका कर्मचारी, कार्यालयका कर्मचारीका साथै हाम्रा परिवारका सदस्यहरूका निम्ति हामीलाई तपाईंको विशेष प्रार्थनाको आवश्यकता छ । केही कर्मचारीहरू शारीरिक रूपमा स्वस्थ छैनन्, तपाईंको प्रार्थनामा उहाँहरूलाई कृपया सम्झिदिनुहोला ।

परमेश्वरले तपाईंलाई प्रशस्त आशिष् देऊन् ।

*उहाँमा तपाईंको,*

***पा. एलेक्स सामसन साम***

***पा. एस. साम सेल्भाराज***

(+91) 98412 71858 / 98410 71858

इमेलः sam@echoofhiscall.org

## विनम्र अनुरोधः बोलावटको प्रतिध्वनिका पाठकहरूलाई

हाम्रो ५ मिनेट बोलावटको प्रतिध्वनि यूट्यूब सन्देशहरू (हरेक दिन) तामिल, तेलगू, अंग्रेजी र हिन्दी भाषामा बिहान २ बजेदेखि प्रशारण भइरहेका छन् । सन्देशहरू हेरेर तपाईंले परमेश्वरको अनुग्रह प्राप्त गर्न सक्नुहुन्छ ।

साथै, तपाईंको मोवाइल फोनहरूमा मेरो मोवाइल नम्बरहरू (९१) ९८४१० ७१८५८, (९१) ९८४१२ ७१८५८ (व्यक्तिगत) सेभ गर्नुहोस् ।

**पा. एस. साम सेल्भाराज**

पृष्ठ १ बाट

पुस्तामा तिनीहरू यहाँ फर्कनेछन् ।" आफ्नो प्रतिज्ञामा सत्य हुनुहुने परमप्रभुले इस्राएलीका पुकाराहरू सुन्नुभयो ।

आफ्नो पीडालाई सहन नसकेर तिनीहरूले बिन्ती गरे, "हे परमप्रभु ! हामीमाथि दया गर्नुहोस् र हामीलाई फारोको दुष्ट हातबाट बचाउनुहोस् । हामीले कहिले कनानको देशमा अधिकार गर्नेछौं, दूध र मह बग्ने स्थान, जुन तपाईंले हाम्रा पुर्खाहरूलाई प्रतिज्ञा गर्नुभएको थियो ? स्वतन्त्रतामा हाम्रो प्रभुलाई हामीले कहिले आराधना गर्न र बलिदानहरू चढाउन सक्छौं ?"

तर आफ्नो क्षमताभन्दा बाहिर नरही आफ्ना मानिसलाई जाँच गर्ने परमप्रभुले तिनीहरूका पुकारा सुन्नुभयो । तिनीहरूका अनाज्ञाकारीताका बाबजूद पनि इस्राएलीहरूले जहिले दयाको निम्ति परमप्रभुलाई पुकारा गरे र पश्चात्ताप गरे, उहाँको प्रेमिलो हृदयले सुन्नुभयो र दया देखाउनुभयो ।

फारोको शक्तिशाली हातबाट इस्राएलीहरूका छुटकाराकर्ताको रूपमा परमप्रभुले मोशालाई छान्नुभयो । आमाको गर्भबाट नै (भजनसंग्रह १३९:१६) छुटकाराकर्ताको रूपमा छानिएका मोशा अलौकिक रूपले बचाइएका थिए, जब मिश्रमा दुई वर्षमुनिका सबै पुरुष बच्चाहरूलाई मार्ने उर्दी जारी भएको थियो । मोशाकी आमाले तिनी तीन महिना नभएसम्म लुकाएर राखिन्, त्यसभन्दा पछि बच्चालाई लुकाएर राख्न असम्भव भएको थियो । त्यसपछि उनले तिनलाई कुशले बनेको टोकरीमा राखिन् र नील नदीमा सो टोकरीलाई राखेर

बगाइदिइन्, जुन गोहीले भरिएको छ भनेर थाहा थियो ।

फारोको राजदरबारमा राजकुमारको रूपमा हुर्किएका मोशा, पछि दूर्घटनावश मिश्रीलाई मारेपछि र तिनको हिब्रू पहिचान थाहा भएपछि मरुभूमितिर भागे। ४० वर्षसम्म गोठालोको रूपमा तिनको समयमा परमेश्वरले मोशालाई आफूतिर तान्नुभयो र दर्शन दिनुभयो ।

आगोले नष्ट नभएको पोथ्राको पातहरूको साक्षी मोशा भएका थिए, जसले तिनलाई यस्तो कुरा कसरी हुन सक्छ भनेर तुरुन्तै अचम्म तुल्याएको थियो। पोथ्रा र पातहरू नष्ट भएका थिएनन् तर पोथ्रा जलिरहेको थियो। जब तिनी नजिक पुगे, परमेश्वरले यस्तो भन्दै तिनलाई बोलाउनुभयो, “मोशा, मोशा, मैले इस्राएलका मानिसहरूको पुकारा सुनेको छु । तँ मिश्रमा फारोकहाँ जानुपर्छ, तिनीसँग बोल्नुपर्छ ताकि त्यसले इस्राएलीहरूलाई छोडिदेओस् र तिनीहरूलाई अब्राहाम र इसहासलाई प्रतिज्ञा गरिएको भूमि कनानमा अगुवाइ गर्नू । म तँलाई यो काम सुम्पन्छु ।”

सुरुमा तिनले हिचकिचाए, मोशाले प्रश्नहरू खडा गरे, अविश्वासको बारेमा चासो अभिव्यक्त गरे, बोल्नमा समस्या भएको र ढिलो बोल्ने भने । तिनको हिचकिचाहटको बाबजूद पनि परमेश्वरले तिनलाई यसो भनेर निश्चित पार्नुभयो, “फारोकहाँ जा, म तँसँग हुनेछु । आफ्नो भाइ हारूनलाई लिएर जा र बोल् ।”

मोशाजस्तै कतिपय समयमा हामीले पनि आफैंलाई बहाना खोजिरहेका हुन्छौं, जब परमेश्वरले हामीलाई विशेष तरिकामा निर्देशित गर्नुहुन्छ वा स्वार्थी उद्देश्यको कारण निश्चित कार्यहरू गर्न निषेध गर्नुहुन्छ ।

तापनि मोशाले अन्त्यमा परमेश्वरको आज्ञा पालन गरे, बन्धनबाट इस्राएलीहरूलाई छुटकारा दिन छानिएको व्यक्ति भएर । परमप्रभु मोशासँग आमनेसामने साथीझैं बोल्नुहुन्थ्यो (प्रस्थान ३३:११) । परमप्रभुले छान्नुभएको मोशाले आश्चर्यकर्महरू र चमत्कारहरू प्रदर्शन गर्दै मानिसहरूलाई लाल समुद्र भएर मिश्रबाट निकालेर अगुवाइ गरे ।

हामीले यस कुरालाई प्रस्थानको १ देखि १४ अध्यायसम्म पढ्न पाउँछौं । तापनि, फारोले इस्राएलीहरूलाई छोडिएपछि पनि परमप्रभु परमेश्वरले तिनीहरूको पिछा गर्न फारोलाई अनुमति दिनुभयो । मिश्र देशमा ४३० वर्षपछि (चार पुस्ताहरू) इस्राएलीहरूले आफ्नो अघि लाल समुद्र सामना गरे, फारो र तिनका सेनाले पछाडिबाट खेदिरहेका र दुवै छेउमा पहाडहरू थिए । बोल्न नसकेर तिनीहरूले पुकारा गरे ।

ईश्वरीय निर्देशनको खोजी गर्दा परमेश्वरले मोशालाई लाल समुद्र दुई भाग गर्न निर्देशन दिनुभयो । जब मोशाले आफ्नो लौरो पसारे, पानी दुई भागमा विभाजन भयो र दुई भागमा पर्खालझैं खडा भयो र इस्राएलीहरूका निम्ति हिंडेर जाने ओबानो भूमिको बाटो बनियो । परमप्रभुको शक्ति र महिमा देखिँदै पिछा गरिरहेका सेना समुद्रमा डुबे ।

त्यसकारण, मुक्तिदाताको रूपमा काम गर्दै समुद्रलाई दुई भागमा विभाजन गरेर मोशाले परमेश्वरका मानिसहरूलाई छुटकारा दिलाए ।

## २) ओत्निएल

न्यायकर्ता ३:१-११ मा अभिलेख गरिएअनुसार इस्राएलीहरूले आश्चर्यकर्महरूको साक्षी भए पनि तिनीहरू बारम्बार पापमा परे, कनानमा विदेशी देवताहरूको सेवा गरे । परमेश्वरको क्रोधको कारण तिनीहरू मेसोपोटामियाका राजा कूशन-रिशातैमको अधीनमा आठ वर्षसम्म दासको रूपमा सताइए र अधीनमा रहे ।

हाम्रो परमप्रभुले पाप गर्नेहरूलाई त्याग्नुभएन, जब परमेश्वरका जनहरूले छुटकाराको निम्ति पुकारा गरे, परमप्रभुले एकजना छुटकारा दिने व्यक्ति उपलब्ध गर्नुभयो, यशैया ५४:७ मा प्रतिज्ञा गर्नुभएझैं, “केही क्षणको निम्ति मैले तँलाई त्यागेको थिएँ, तर अगाध कृपासित म तँलाई फेरि ल्याउनेछु ।” “जब इस्राएलीहरूले सहायताको निम्ति परमेश्वरलाई पुकारे, तब उहाँले तिनीहरूलाई छुटाउनलाई कालेबका भाइ कनजका छोरा ओत्निएललाई खडा गर्नुभयो र तिनले तिनीहरूलाई मुक्त गरे । परमप्रभुका आत्मा तिनीमाथि आउनुभयो र तिनी इस्राएलमाथि न्यायकर्ता भए । तिनी युद्ध गर्नलाई निस्के र परमप्रभुले अरामका राजा कूशन-रिशातैमलाई तिनको हातमा

NEHEMIAH BIBLE
RESIDENTIAL / EVENING COLLEGE,
Velachery / Chepauk & Santhoshapuram, Chennai.
ECHO OF HIS CALL 1969-2019
REACHING NATIONS
Medium : Hindi / Tamil
Registered Candidate for Membership
Asia Theological Association (ATA)
Recognised by International Christian Leaders &
Senior Pastors for the past 54 years
Regd. Candidate for Membership ATA NEHEMIAH BIBLE COLLEGE CHENNAI ECHO OF HIS CALL Estd.: 1969
Qualification :
10th Standard & above
Certificate in Ministry
Diploma in Theology
Rush for admission!
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
★ ONLINE CLASSES ARE AVAILABLE ★

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES SINCE 1989

# महान् आज्ञा सहयोगीहरु

## बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

PRAISE & PRAYER POINTS - From March 19 To April 18, 2024

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

## परमेश्वरलाई प्रशंसा गरौं...

अप्रिल १९: सुसमाचारको साथमा सुसमाचार नपुगेका बहुभाषिक मानिसहरूकहाँ पुग्न हाम्रो **बोलावटको प्रतिध्वनि यूट्यूब च्यानललाई** आशिष् दिनुभयो ।

अप्रिल २०: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेज र बाइबल पत्राचार कोर्सहरूमा** उहाँको आशिष्को निम्ति ।

अप्रिल २१: हाम्रो **बोलावटको प्रतिध्वनि सेवकाइहरूका** कर्मचारी र उहाँका परिवारहरूको सुरक्षाको निम्ति ।

अप्रिल २२: हाम्रा प्रार्थना साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारहरूमाथि परमेश्वरको कृपाको निम्ति ।

अप्रिल २३: २ मार्च २०२४ मा आयोजना भएको **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको** हाम्रो वार्षिकोत्सव अवसरमा आशिष्को निम्ति ।

अप्रिल २४: ३ मार्च २०२४ मा आयोजना भएको हाम्रो प्रार्थना संगति र जवानका क्रियाकलापहरूमा आशिष्को निम्ति ।

अप्रिल २५: हाम्रो मण्डलीका सम्पूर्ण क्रियाकलापहरूमा महत्वकाँक्षी रूपमा सहभागी हुन जवानहरूलाई उत्साह दिँदै उनीहरूका निम्ति आशिष्को निम्ति ।

अप्रिल २६: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलका** विद्यार्थीहरूले सफलतापूर्वक १० कक्षाको सरकारी सार्वजनिक परीक्षा पूरा गर्नको लागि आशिष्को निम्ति ।

अप्रिल २७: हाम्रा मण्डलीहरू, बालसंगति, जवान र स्कुल सेवकाइहरूमा आशिष्को निम्ति ।

अप्रिल २८: हाम्रो **नहेम्याह बाइबल कलेजको** सम्बन्धनको निम्ति ए.टि.ए. (एसिया थियोलोजिकल असोसिएसन) को भिइटी (भ्रमण मूल्यांकन समूह) को निम्ति आशिष्को खोजी हामीले गरेका छौं ।

अप्रिल २९: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारलाई सम्पूर्ण दुष्ट शक्तिबाट सुरक्षाको निम्ति ।

अप्रिल ३०: १६ वटा भाषाहरूमा भएको हाम्रो प्रकाशनमा प्रभुको आशिष्को निम्ति, जुन हाम्रो **छापाखानामा** छापिएका छन् र मिसनको क्षेत्रमा पठाइएको छ ।

मई १: आर्थिक वर्ष २०२३-२०२४ मा आशिष्को निम्ति ।

मई २: हाम्रा सहसम्पादकहरू, संयोजकहरू र उहाँका परिवारहरूका निम्ति ।

मई ३: मिसनका कामदारहरूबाट भएका महान् आज्ञाको निम्ति ।

## कृपया प्रार्थना गरौं...

मई ४: विषम मौसमका मुख्य अवस्थाबाट संसारलाई बचाउने परमेश्वरको ईश्वरीय सुरक्षाको निम्ति ।

मई ५: यो संसारमा नि:स्वार्थ आफ्ना छोराछोरीलाई हुर्काउने सम्पूर्ण आमाहरूका निम्ति ।

मई ६: इस्राएल, प्यालेस्टाइ, यूक्रेन र रूसमा परमेश्वरले शान्ति स्थापना गर्नुभएको होस् ।

मई ७: हाम्रो सिनियर पास्टरको जीवनीको सफलतापूर्वक सम्पन्नताको लागि प्रार्थना गरौं ।

मई ८: यो नयाँ आर्थिक वर्षमा परमेश्वरको ईश्वरीय निर्देशनको निम्ति ।

मई ९: पास्टर जोनीको शोकित परिवारको लागि ईश्वरीय सान्त्वनाको निम्ति ।

मई १०: हाम्रो सुसमाचारीय छापाखाना र दैनिक क्रियाकलापहरूका निम्ति ।

मई ११: हाम्रो ए.टि.ए. सम्बन्धनको क्रियाकलापहरूमा परमेश्वरको आशिष्को निम्ति ।

मई १२: हाम्रो संस्थाका कर्मचारीहरू बीचमा एकता र सद्भावको निम्ति ।

मई १३: जून १, २०२४ मा आयोजना हुने हाम्रो **नहेम्याह बाइबल कलेजको** कार्यक्रमको सफलताको निम्ति ।

मई १४: शैक्षिक सत्र २०२४-२५ को निम्ति हाम्रो आवासीय र साँझको **नहेम्याह बाइबल कलेजमा** योग्य विद्यार्थीहरूको भर्नाको निम्ति ।

मई १५: शैक्षिक सत्र २०२४-२४ को निम्ति हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा** नयाँ विद्यार्थीहरूका भर्नाको निम्ति ।

मई १६: अस्पतालमा लामो समयदेखि रहेका र दीर्घकालीन रोग भएका विश्वका सम्पूर्ण बिरामीहरूका निम्ति ।

मई १७: परमेश्वरको भय मान्ने र उहाँको आदर गर्ने अगुवाहरूका साथमा परमेश्वरले देशहरूलाई पनि आशिष् दिनुभएको होस् ।

मई १८: सेवकाइहरू र मिसनरीहरूका विरुद्ध उठेका हिंसाको अन्त्यको निम्ति ।

पृष्ठ ४ बाट

सुम्पिदिनुभयो। ओत्निएल उनीमाथि विजयी भए" (न्यायकर्ता ३:९, १०)। परिणामस्वरूप, ४० वर्षको निम्ति भूमिले शान्ति अनुभव गरेको थियो, जसले त्यो समयमा इस्राएलीहरूका निम्ति परमप्रभुले कसरी ओत्निएललाई उद्धारकको रूपमा नियुक्त गर्नुभएको थियो भनेर देखाइरहेको छ।

## ३) गिदोन

अब हाम्रो ध्यान गिदोनमा फकाऔं, इस्राएलका सन्तानले दुष्ट काम गरे, जसकारण परमप्रभुले तिनीहरूलाई सात वर्षको निम्ति मिद्यानीहरूको हातमा छोडिदिनुभयो (न्यायकर्ता ६:१)।

ठूलो समस्यालाई सामना गर्दै मिद्यानी, अमालेकी र पूर्वका मानिसहरूले असंख्य सलहझैं तिनीहरूका अनाजहरू र बस्तुभाउ नष्ट गरिदिन्थे। यस कुराबाट निरास भएका इस्राएलीहरूलाई पहाडमा भएका ओढारहरू र गुफाहरूमा शरणको खोजी गरे (न्यायकर्ता ६:२,४,५)। तिनीहरूको निरासामा तिनीहरूले परमप्रभुलाई पुकारा गरे, जसले मिश्र देश र सतावटबाट उहाँले विगतमा गर्नुभएको छुटकारा सम्झना दिलाउन एमोरीहरूका देवताहरूको भय नमान्न (न्यायकर्ता ६:८-१०) तिनीहरूलाई प्रेरित गर्दै अगमवक्ता पठाएर प्रतिक्रिया दिनुभयो।

जब उहाँका मानिसहरू तितरबितर भए, तिनीहरूका पुकाराले गर्दा परमप्रभुले तिनीहरूका उद्धारको निम्ति तुरुन्तै छानिएको व्यक्तिलाई पठाउनुभयो।

हामी पनि परमप्रभुको आवाजमा ध्यान दिन असफल हुन्छौं। तापनि, जब हामीमाथि समस्या आइपर्छ, हामी उहाँलाई पुकारा गर्छौं र उहाँको कृपामा उहाँले हामीलाई हाम्रो समस्याहरूबाट छुटकारा दिनुहुन्छ।

इस्राएललाई बचाउन परमेश्वरले स्वर्गदूत पठाउनुभयो, जो अबीएजेरी योआशको ओप्रा भन्ने ठाउँको फलाँटको रूखमुनि देखा परे। योआशका छोरा गिदोन मिद्यानीबाट लुकाउँदै दाखको कोलामा गहुँ चुट्दैथिए। परमप्रभुको दूतले गिदोनलाई वीर मानिस होस् भनेर अभिवादन गरे। प्रतिक्रियामा आफ्ना पुर्खाहरूका बीचमा भएका आश्चर्यकर्ममाथि शंका अभिव्यक्त गर्दै परमप्रभु तिनीहरूका साथमा हुनुहुन्थ्यो भने तिनीहरूले किन संकष्टको सामना गरेका थिए भनेर गिदोनले प्रश्न गरे।

मोशाले झैं सुरुमा गिदोनको अनिच्छा र बहाना भए पनि मिद्यानीबाट इस्राएललाई बचाउन आफ्नो मिसनको बारेमा परमप्रभुले गिदानेलाई निश्चित पार्नु भयो-- "निश्चय नै म तँसँग हुनेछु र तैले एउटै मानिसको रूपमा मिद्यानीहरूलाई पराजित गर्नेछस्" (न्यायकर्ता ६:१५-१६)।

गिदोनले विश्वास गर्न संघर्ष गरे र परमप्रभुबाट चिन्हको खोजी गरे। असंख्य चिन्हहरूको साक्षी भएपछि गिदोन र तिनका मानिसहरू मिद्यानीहरूका विरुद्ध लडाइँमा संलग्न भए।

गिदोनले धेरै सैनिकहरूका साथमा विजय पाए भने इस्राएलले विजयको महिमा आफ्नो भनेर दाबी गर्नेछ भनेर परमप्रभुले तिनलाई सावधान गराउनुभयो। परमप्रभुको निर्देशनलाई पछ्याउँदै गिदोनले मानिसहरूको जाँच गरे र ३०० जनालाई छाने, बाँकीलाई आफ्नो घर फिर्ता पठाइदिए (न्यायकर्ता ७:८)।

मिद्यानी छाउनी उपत्यकामा लुकाएर राखिएको थियो र त्यो रात परमप्रभुले गिदोनलाई तल जान निर्देशित गर्नुभयो र विजयको निश्चय गर्नुभयो। "अब मिद्यानी, अमालेकी र पूर्वका अरू जातिहरू सलहजस्तै बाक्लै बेँसीमा बसेका थिए। ऊँटहरूको त गन्ती नै थिएन। तिनीहरू संख्यामा समुद्रका बालुवाका कणसरह थिए" (न्यायकर्ता ७:१२)।

अझै पनि चिन्तित गिदोनलाई शत्रुको संवादहरू सुन्न जान भनिएको थियो, जसले जौको रोटीले मिद्यानीहरूको छाउनीलाई नष्ट गरेको सपना प्रकट गरेको थियो (न्यायकर्ता ७:१०-१३)।

आफ्ना मानिसहरूलाई तीन भागमा विभाजन गरेर गिदोनले तिनीहरूलाई तुरहीहरू, रित्तो गाग्रोहरू र राँकोहरूका साथमा सुसज्जित गरे। गाग्राहरू फुटाउँदै र तुरहीहरू सँगसँगै बजाउँदै तिनीहरू कराए, "परमप्रभुको निम्ति र गिदोनको निम्ति तरवार" (न्यायकर्ता ७:२०)।

सामान्य हतियारहरूको कमी भए पनि प्रशंसाले भरिएका पुकाराहरूले अलौकिक विजयतिर अगुवाइ गरेको थियो किनकि शत्रुहरू भयमा भागेका थिए र परमप्रभुले तिनीहरूलाई एकअर्काको विरुद्ध उक्साउनुभयो (न्यायकर्ता ७:२२)। परमप्रभुबाट आएको यो विजयी उपहारले गिदोनलाई इस्राएलको निम्ति उद्धारकको रूपमा स्थापित गरेको थियो, जसले गर्दा ४० वर्षसम्म शान्ति छाएको थियो।

हाम्रा समस्याहरूका बीचमा रूपान्तरणको शक्ति धारण गर्नुहुने परमेश्वरलाई प्रशंसा गर्नाले शोकचाहिँ आनन्दमा परिणत हुन्छ।

आफ्ना मानिसहरूको पुकारामा परमेश्वरले प्रतियुत्तर दिनुहुन्छ भनेर उद्धारकको रूपमा गिदोनको भूमिकाले देखाएको थियो। ठूलो संकष्टको समयमा हाम्रा प्रार्थनाले हामीलाई बचाउन र छुटकारा दिन परमेश्वरलाई उद्धारक पठाउन तयार बनाउँछ।

जब आँसुले शोक ल्याउँछ, यशैया ४१:१० जस्ता सान्त्वना दिने पदहरूमा फर्कनुहोस्, जसले भन्दछ, "नडरा किनकि म तँसँग छु" र यशैया ४३:४ "तँ मेरो दृष्टिमा बहुमूल्य र आदरणीय भएको छस्" जसले सान्त्वना र प्रेरणा प्रदान गर्दछ।

कहिलेकाहीँ जब हामी एक्लै यात्रा गर्छौं, हामीभित्र असहजता आउन सक्छ तर जब हामीले चिन्ता गर्छौं, हामीलाई सहायता गर्न परमेश्वर साथमा यात्रा गरिरहेका यात्रुसँग बोल्नुहुन्छ, त्यो समयमा यही व्यक्ति हाम्रो उद्धारक बन्छ। हामी अस्पतालहरूमा भर्ना हुँदा परमेश्वरले नचिनेका डाक्टरहरू वा नर्सहरूलाई हामीलाई प्रेमिलो रूपमा सहायता गर्न पठाउनुहुन्छ- यी व्यक्तिहरू परमेश्वरले पठाउनुभएका उद्धारकहरू हुन्। हामीमध्ये धेरैले आफ्नो जीवनमा यस्तो ईश्वरीय हस्तक्षेप अनुभव गर्नुभएको छ।

हामीलाई सुरक्षा प्रदान गर्दै हाम्रो दाहिनेतिर हाम्रो छायाको रूपमा प्रभुले सहायता गर्नुहुन्छ। इमानदारपूर्वक उहाँलाई हेर्नेहरूको अनुहार चम्कन्छ। हाम्रा गल्तीहरू भए पनि हामीले ती स्वीकार गर्नुपर्छ, परमेश्वरसँग पुनर्मिलाप गर्नुपर्छ र हाम्रा विवेकलाई ध्यान दिनुपर्छ।

मोशाभन्दा अघिको युग विवेकद्वारा वर्णन गरिएको थियो र मोशाद्वारा परमेश्वरले व्यवस्था र आज्ञाहरू प्रदान गर्नुपर्छ, जसले हामीलाई धार्मिक जीवनमा निर्देशित गर्दछ।

बाँकी पृष्ठ ९ मा

## PLEASE PRAY FOR OUR MINISTRIES AT THE HEAD QUARTERS

1. Prayer Service : 24 hours
2. **BIBLECOR -** Bible Correspondence Courses : English, Tamil & Hindi
3. **ECHO OF HIS CALL** - Monthly Magazines : English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikan.
4. Nehemiah Bible Colleges (Three Centres) (Evening / Residential)
5. Theological Correspondence Courses: English & Tamil
6. Great Commission Partners (Network of Pastors)
7. Training Programmes
8. Crusades
9. Literature Distribution and Follow Up
10. Gospel Printing Press - Publications
11. St. Paul's Matriculation School - Village English High School
12. Sunday Schools : 8.30 a.m. & 4.00 p.m. Sunday
13. **Tamil Services : 8.00 a.m. & 10.00 a.m. Sunday**
14. **Hindi Service : 4.00 p.m. Sunday**
15. **Telugu Service : 5.00 p.m. Sunday**
16. **English & Tamil Service : 6.00 p.m. Sunday**
17. Women's Prayer : 5.30 p.m. Wednesday
18. Men's Prayer : 7.00 p.m. Friday
19. Discipleship Meeting : 6.00 p.m. Saturday
20. House Meetings : 6.30 p.m. Tuesday & Thursday
21. Special Holy Communion : 6.00 a.m. 1st day of each month
22. Ministers Review Meeting : 5.30 p.m. First Saturday
23. Parents' Prayer : 4.00 p.m. First Sunday
24. Night Prayer : 9.30 p.m. Second Friday
25. Fasting Prayer : 9:30 a.m. Third Saturday
26. Holy Communion : Second Sunday Services
27. Youth / Kid Prayer : 10.00 p.m. daily
28. Staff Devotion : 9.00 a.m. daily
29. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैहृखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन।** यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागिः**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, **Post Box 2957**
CHEPAUK, CHENNAI - 600 005.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,**
**Cell : 98410 71852, 95661 31858**
**E.mail : biblecor@yahoo.co.in**

## निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

**“जसले पढ्छ, त्यसले बुझोस्” (मत्ती २४:१५)।**


**“तिम्रा चिन्ता र फिक्री परमप्रभुमा राख र उहाँले तिमीलाई सम्भाल्नुहुनेछ” (भजनसंग्रह ५५:२२)।**

सन् १९६९ सालमा ख्रीष्टियान विश्वासप्रति मेरो सुरुवाती विरोधका वावजूद पनि प्रभु येशूसँग मेरो जीवन परिवर्तन गरिदिने जम्काभेट भएको थियो। यो अनुभवले मलाई मुक्तितिर अगुवाइ गरेको थियो, जसले मेरो र मलाई हानि गर्ने प्रयास गर्ने मेरा पुराना मित्रहरूको बीचमा बाधा उत्पन्न गरेको थियो। तापनि, म उहाँको आँखाको नानी भएझैं प्रभुले मलाई बचाउनुभयो।

परमेश्वरबाट आएको धेरै प्रतिज्ञाहरूका साथमा म सन् १९७१ मा चेन्नाइमा बसाइँ सरें। चेन्नाइमा मेरो पहिलो जीवन अत्यन्तै चुनौतीपूर्ण थियो। मैले आफ्नो कुनै पनि साथीलाई भेटिनँ, सडकमा रात बिताउन बाध्य भएको थिएँ। डरले भरिएर रातभरि नै म जागा रहें।

बिहान २ बजेतिर दुई जना पुलिस अधिकारीहरू मेरो नजिक आउनुभयो र मेरो अवस्थाको बारेमा सोधपुछ गर्नुभयो। मैले आफ्नो परिवारको पृष्ठभूमि र प्रभु येशूले मेरो जीवन कसरी रूपान्तर गर्नुभएको थियो भन्ने कथा बताएँ। ममा कुनै गल्ती तिनीहरूले नपाए पनि तिनीहरूले म रातको समयमा सडकमा किन थिएँ भनेर सोधे। एक जना अधिकारीले मलाई पुलिस स्टेसनमा लैजान सल्लाह दिए तर अर्कोले म राम्रो पृष्ठभूमिबाट आएको जस्तो देखिन्छ भनेर बताए।

पछि, तिनले मलाई हेरे र भने, “हामीसँग आउनुहोस्।” तिनीहरूले मलाई पुलिस स्टेसनसम्म सुरक्षाको साथमा लगे र अन्य पुलिस विभागका कर्मचारीहरूका साथैमा भएको ग्यारेजमा मेरो बसाइको व्यवस्था गरिदिए। तिनले मेरो आरामदायिताको बारेमा निश्चित गरे र बताए, “राम्रो जीवन खोज्ने कुनै पनि व्यक्तिको निम्ति यो सुरक्षित र उपयुक्त स्थान हो। तपाईंलाई सहायता गर्न मभित्र बलियो चिन्ता मैले महसुस गरेको छु, जबकि म यसको स्रोतको बारेमा अनिश्चित छु,” तिनले थपे। “हरेक रात यो ग्यारेजमा प्रायः सर्प देखिन्छ। तापनि यसले कसैलाई पनि हानि पुऱ्याएको



छैन, त्यसैले चिन्ता गर्नुपर्ने आवश्यकता छैन। तपाईंले सर्पसँग जम्काभेट गर्नुभयो भने कृपया नचली बस्नुहोला। तपाईंलाई निर्देशित गर्ने ईश्वरीय शक्तिले तपाईंलाई बचाउनेछ।” मैले फेरि पनि यो पुलिसलाई कहिल्यै भेटिनँ।

रात पर्दै आयो, म खाडलमा जाकिएको छु, बाघलाई सामना गर्नेजस्तो भय ममा भरियो। रातमा हिँड्ने सर्पको बारेमा जानेर मैले पानी लिएँ, प्रार्थना गरें र यसो भन्दै सबैतिर पानी छर्किएँ, “येशू ख्रीष्टको रगतमा विजय छ।” अचम्म प्रकारले त्यसलाई सुरक्षित स्थानको रूपमा परिभाषित गर्दै मेरो बसाइँभरि ग्यारेजमा नता कुनै किराहरू नता सर्पहरू पसेको थियो।

ग्यारेजमा मेरो बसाइँको समयमा मैले धेरै पुलिस अफिसरहरूसँग मित्रता गाँसेको थिएँ। उहाँहरूले आफ्ना संघर्षहरूका बारेमा मसँग खुल्ला रूपले स्वीकार गर्नुभएको थियो र मेरा प्रार्थनाद्वारा उहाँहरूका समस्याहरूमाथि समाधान प्राप्त भएको थियो भने कति जनाले येशू ख्रीष्टलाई आफ्नो मुक्तिदाताको रूपमा अंगालेका थिए। त्यो स्थानमा ईश्वरीय उपस्थितिको प्रमाण थियो र परिणामस्वरूप मलाई ठूलो वास्ता र आदरको साथमा व्यवहार गरिएको थियो, जसमा अवर्णनीय आनन्द र सुरक्षाको महसुस भएको थियो।

त्यसपछि प्रभुले मलाई भिन्दै स्थानमा अगुवाइ गर्नुभयो र एउटा घरमा भाडामा रहन सहायता गर्नुभयो। परमेश्वर वास्ता गर्नुहुने परमेश्वर हुनुहुन्छ। हाम्रो परमप्रभु परमेश्वरमा आफ्नो विश्वास राख्नेहरूलाई कुनै कुराको अभाव हुँदैन। हिजो, आज र सदासर्वदा येशू ख्रीष्ट अपरिवर्तनशील हुनुहुन्छ। उहाँले तपाईंको जीवनमा अलौकिक तरिकामा कामहरू पनि गर्नुहुनेछ।

*मरुभूमिमा मेरो यात्राले मलाई थकाएको छ,*
*मलाई आशिष् र सान्त्वना दिने मेरो प्रियको आवाज सुन्छु*
*लाल समुद्र मेरो विरुद्धमा उठे पनि*
*परमप्रभुले मलाई बचाउनुहुनेछ र बाटो देखाउनुहुनेछ*
*मेरा सबै शत्रुहरूलाई पराजित गर्न र नष्ट गर्न,*
*उहाँले नयाँ शक्ति प्रदान गर्न र उपलब्ध गर्न निश्चित हुनुहुन्छ*

पृष्ठ ६ बाट

**अब, हामी योनाको कथालाई जाँच गरौं ।**

## ४) योना

बाइबलमा उल्लेख गरिएका अगमवक्ता योनालाई परमेश्वरले निनवेमा जान र मानिसहरूलाई तिनीहरूका दुष्टताको बारेमा चेतावनी दिने काम दिनुभएको थियो । यस आज्ञालाई उल्लंघन गर्दै योनाले तर्शिश जाने जहाजमा चढे, जसमा आँधी र हुरी बज्रेको थियो ।

योनाको अनाज्ञाकारीतालाई थाहा गरेर जहाजमा भएका मानिसहरूले तिनलाई समुद्रमा फ्याँकिदिए, जहाँ तिनलाई निल्न परमेश्वरले एउटा ठूलो माछालाई पठाउनुभयो- यो माछा योनाको उद्धारक बनेको थियो । तीन दिनपछि माछाले योनालाई निनवेको सुख्खा भूमिमा उकेलिदियो ।

योनाले आफ्नो गल्तीबाट सिकेका थिए, मानिसहरूलाई पापबाट फर्कन बताए, जसले तिनीहरूलाई पश्चात्तापमा डोऱ्याएको थियो र त्यसकारण तिनीहरूका उद्धारक बनिरहेका थिए ।

हामीले सामना गरेका सबै उद्धारकहरूले परमेश्वरलाई इन्कार गर्ने शासकहरूको अधीनमा सताइएका र अनाज्ञाकारीताको कारण परिणामहरूको सामना गरिरहेका मानिसहरूलाई बचाएका थिए । तापनि यी उद्धारकहरू कालान्तरमा बिते र गाडिए, मानिसहरूले निरन्तर पाप गरे। परिणामस्वरूप, परमेश्वरले आफ्नो पुत्र येशू खीष्टलाई मानिसको चोलामा पठाउनुभयो । पापरहित येशूले क्रूस बोक्नुभयो, कोर्राको चोट सहनुभयो, आफ्नो रगत बगाउनुभयो र क्रूसमा टाँगिनुभयो, हाम्रा पापको निम्ति आफ्नो जीवन बलिदान गर्नुभयो । तेस्रो दिनमा मृतकबाट जीवित भएर येशू हाम्रो जीवनमा जिउनुहुन्छ, हामी स्वर्गमा नपुगेसम्म हामीले ठोकर खाए पनि हामीलाई निरन्तर डोऱ्याउँदै, सुधार गर्दै र सुरक्षा गर्दै हुनुहुन्छ। उहाँको चिहान खुल्ला छ, जसले अनन्त जीवनलाई संकेत गर्दछ ।

हाम्रा गल्तीका बाबजूद पनि हाम्रो मुक्तिदाता येशू खीष्टले हामीलाई डोऱ्याउनुहुन्छ, सुधार गर्नुहुन्छ र सुरक्षा दिनुहुन्छ, उहाँकै इच्छाअनुसार हामीलाई डोऱ्याउनुहुन्छ र हामी स्वर्गमा नपुगेसम्म हामीलाई वास्ता गर्नुहुन्छ ।

म हरेक प्रेमिला पाठकहरूलाई एउटा महत्वपूर्ण सन्देश प्रदान गर्न चाहन्छु: "परमेश्वरको नजिक आओ र उहाँ तिमीहरूका नजिक आउनुहुनेछ..." (याकूब ४:८) ।

यसका अतिरिक्त, उहाँलाई इमानदारीतापूर्वक पछ्याउने र उहाँका आज्ञाहरू पालन गर्नेहरूका निम्ति महत्वपूर्ण आशिष्हरूको प्रतिज्ञा गर्नुहुन्छ: "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरू जो मेरो पछि लागेका छौ, नयाँ सृष्टिमा जब मानिसको पुत्र आफ्नो महिमाको सिंहासनमा बस्नेछ, तब तिमीहरू पनि बाह्र सिंहासनमा बस्नेछौ र इस्राएलका बाह्र कुलमाथि इन्साफ गर्नेछौ" (मत्ती १९:२८) । यस्तो अचम्मको आशिष् अरू कसले प्राप्त गर्नेछ ?

यो पापमय संसारमा पापमा जन्मेका व्यक्तिहरूको रूपमा हामीले इमानदारीपूर्वक यो मुक्तिदातालाई पछ्याउनुपर्छ, जसले हामीलाई पवित्रतामा रूपान्तर गर्नुहुन्छ । भविष्यलाई कल्पना गर्दै उहाँको निम्ति पवित्रताको जीवन जिऔं, जहाँ हामी उहाँको साथमा सिंहासनमा बस्न सक्छौं र न्यायकर्ताको रूपमा जिउँछौं । यो असामान्य जीवनको निम्ति हामीले आफैंलाई समर्पित र योग्य बनाऔं । तिमीहरूलाई बोलाउनुहुने जस्तो पवित्र हुनुहुन्छ, तिमीहरू आफैं पनि जीवनका सबै रहनसहनमा पवित्र होओ (१ पत्रुस १:१५) । "पवित्र होओ किनकि म पवित्र छु" (१ पत्रुस १:१६) ।

परमप्रभुले तपाईंलाई आशिष् देऊन् र डोऱ्याऊन् । आमेन !


# URGENT

We require approximately 1000 Hindi Christian books for **our Nehemiah Bible Colleges**. Kindly inform us about the possibility of obtaining theological Hindi books.

**Please stop sending books in English and Tamil languages.** Thank you.

- Pr. S. Sam Selva Raj, Editor
+91-98412 71858

# URGENT NEED
## TEACHERS
for
**ST. PAUL'S MATRICULATION SCHOOL,**
**An *Echo of His Call* Institution**
**Vijayanagaram, Medavakkam, Chennai - 100.**

We need well qualified, experienced, dedicated, hard working and mission oriented Christians.

Apply with Bio-data to
E.mail: sam@echoofhiscall.org
WhatsApp: (+91) 98412 71858

# WANTED for
**NEHEMIAH BIBLE COLLEGE of ECHO OF HIS CALL, Chennai**
ATA - Registered Candidate for Membership

**DEAN (Residential):**
Hindi Theologian with M.Div. / M.Th. Degree & experience. Boarding, Lodging and Salary will be paid.

Eligible candidates may send bio--data to:
E.mail: sam@echoofhiscall.org
WhatsApp: (+91) 98412 71858

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## बोलावटको प्रतिध्वनि

**यूट्यूब**

जब तपाईंको समय हुन्छ कृपया हाम्रो Echo of His Call You Tube च्यानल हेर्नुहोला र सस्क्राइब गरिदिनुहोला । – सम्पादक

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

**Annual Subscription : Rs. 100/-** **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**

10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/24-26**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**

**on 16th APRIL 2024**

**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**